Reliable Life
INSURANCE LTD.
...Reliable Forever

# रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
# Reliable Nepal Life Insurance Limited

प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०, फ्याक्स नं. ०१-४४२३६५७
Email: info@reliablelife.com.np, Website: www.reliablelife.com.np

## सातौं बार्षिक साधारण सभा बस्ने बारे सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०५)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनी को मिति २०८०/१०/०४ गतेका दिन बसेको संचालक समितिको १२७ औं बैठकको निर्णयानुसार सातौं बार्षिक साधारण सभा निम्न स्थान, मिति र समयमा वसी देहायका बिषयमा छलफल गर्न वस्ने भएकाले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं रितपूर्वक प्रतिनिधि वा शेयरधनी स्वयंको उपस्थितिको लागि यो सूचना गरिएको छ।

### सभा हुने मिति, समय र स्थान :

| | | |
|---|---|---|
| स्थान | : | लिसरा व्यांकेट, ज्ञानेश्वर काठमाडौं। |
| मिति | : | २०८०/१०/२९ गते, सोमबार, तद् अनुसार १२ फ्रेवुअरी २०२४। |
| समय | : | बिहान ११:०० बजे। |

### छलफलका विषयहरु :

**(१) सामान्य प्रस्तावहरु :**

(क) संचालक समितिको सातौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको Statement of Financial Position, Statement of Cash Flow, Statement of Change in Equity २०७९ श्रावण १ गतेवाट २०८० आषाढ मसान्त सम्मको Nepal Financial Reporting Standard (NFRS) अनुसारको Statement of Profit or Loss, Consolidated Statement of Other Comprehensive Income, Statement of Distributable Profit or Loss तथा संलग्न अनुसुचिहरु उपर छलफल गरी पारीत गर्ने।

(ग) यस कम्पनीको सहायक कम्पनी रिलायवल इन्भेष्टमेन्ट एण्ड मर्चेण्ट क्यापिटल लिमिटेडको आ.व. २०७९/०८० को वित्तीय विवरणहरु सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने।

(घ) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षण समितिबाट सिफारीस गरीएका लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक श्री के.ए.एस. एशोसिएट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्)।

(ङ) कम्पनीको आ.व. २०७९/८० सम्मको वितरण योग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु. ४ अर्बको ०.८४ प्रतिशतले हुने रकम विशेष प्रस्तावमा प्रस्ताव गरीए बमोजिमको बोनस शेयर जारी गर्दा लाग्ने लाभांश कर प्रयोजनको लागि स्वीकृत गर्ने।

(च) बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७५ को दफा १४(५) बमोजिम उप समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको भत्ता अनुमोदन गर्ने सम्बन्धमा।

(छ) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने।

**(२) विशेष प्रस्ताव :**

(क) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. ४ अर्बको १६ प्रतिशतले हुने बोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने।

(ख) बोनस शेयर जारी पश्चात कम्पनीको चुक्ता पूँजी रु. ४ अर्ब ६४ करोड पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ख) मा भएको तत्कालिन चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारीत गर्ने।

(ग) संशोधित प्रबन्धपत्र अभिलेख गर्ने क्रममाः नियमनकारी निकायहरुबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्नको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**(३) विविध :**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### साधारणसभा सम्बन्धी थप जानकारी

**१. वार्षिक साधारण सभाको प्रयोजनको लागि शेयरधनीहरुको दर्ता किताब मिति २०८०/१०/१५ गते १ (एक) दिनका लागि बन्द रहनेछ र सो बमोजिम मिति २०८०/१०/१५ गतेको अघिल्लो दिन अर्थात मिति २०८०/१०/१४ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित नियमानुसारको समयावधि भित्र यस कम्पनीमा प्राप्त गरेको शेयर नामसारीको लिखतको विवरणका आधारमा शेयर दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा लाभांश प्राप्त गर्नको लागि योग्य रहनु हुनेछ।**

२. सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परीचय खुल्ने कागजात संगै लिएर आउनुहुन अनुरोध गरीन्छ।

३. यसमा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रतिनिधि पत्र (प्रोक्सी) सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय, ज्ञानेश्वरमा भर्च्यूयल माध्यमवाट समेत दर्ता गर्न सकिने छ।

४. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः वदर हुनेछ तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन्। त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ।

५. प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन।

६. साधारण सभाको हाजिरी पुस्तिका दिनको १०:०० बाट १२:०० बजे सम्म खुल्ला रहनेछ।

७. शेयरधनी महानुभावहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले व्यक्तिगत वा सामूहिक रुपमा उत्तर दिन सक्नेछ।

८. यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय ज्ञानेश्वर, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

९. सातौं वार्षिक प्रतिवेदन कम्पनीको वेभसाइट www.reliablelife.com.np मा उपलब्ध हुनेछ।

१०. सुरक्षाको कारणवाट सभाहलमा आउँदा शेयरधनी महानुभावहरुले छाता, झोला, व्याग जस्ता बस्तुहरु लिएर नआउनु हुन तथा सुरक्षा कर्मिहरुलाई सुरक्षा जाँचमा सहयोग गरीदिनुहुन अनुरोध छ।

११. संयूक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मत्तीवाट आफु मध्ये नियूक्त गरिएको एक जना शेयरधनीले मात्र सभामा भाग लिन सक्नु हुनेछ।

**१२. सञ्चालक निर्वाचन सम्बन्धि कार्यतालिका कम्पनीको सूचना पाटीमा निर्वाचन अधिकृतले सभा शुरु हुन भन्दा कम्तिमा ५ दिन अगाढी प्रकाशित गरे वमोजिम हुनेछ। सो सूचना कम्पनीको वेभसाईटमा समेत प्रकाशित गरीनेछ।**